# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कमलादी, काठमाडौं, बागमती प्रदेश, नेपाल
(कानुन तथा मानव अधिकार विभाग )

प.सं.:०८१।०८२

च.नं.: ९५

मिति : २०८१/०४/२८
नेपाल संवत् ११४४ गुंलाथ्व सोमवार

श्री सबै वडा कार्यालयहरु,
काठमाडौं महानगरपालिका ।

विषय: **लिलाम सम्बन्धमा ।**

प्रस्तुत विषयमा काठमाडौं महानगरपालिका, न्यायिक समितिबाट घर कोठा खाली गर्ने भनी भएको निर्णय अन्तिम भएपश्चात् लिलाम प्रक्रिया अघि बढाउन सबै वडा कार्यालयमा परिपत्र/निर्देशन हुन श्री न्यायिक समितिबाट मिति २०८१/०४/२१ मा देहायबमोजिम गर्ने भनी परिपत्र गर्न कानुन तथा मानव अधिकार विभागलाई निर्देशन दिने निर्णय भएबमोजिम तपसिलमा उल्लेखित हुने गरी गर्नुहुन यो परिपत्र जारी गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

**तपसिल :**

१) निर्णय अन्तिम भई डोर खटी घर कोठा खाली गर्दा काठमाडौं महानगरपालिका विवाद निरुपण ( कार्यविधि) ऐन,२०७५ को दफा ७०(४) वमोजिम गर्दा डेरामा (बहालमा) वस्ने व्यक्तिलाई मालसामान बुझाउने । मालसामान वुझाउँदा मुचुल्कामा सबै सामान र उक्त सामान वुझेको भरपाईको व्यहोरा समेत उल्लेख गर्ने ।

२) वहालमा लिने पक्ष वा मालसामानको धनीले मालसामान बुझ्न नमानेमा वा निज सम्पर्कमा नभएमा घरधनीले सामान वुझी लिई सबै मालसामानको विवरण मुचुल्कामा स्पष्ट उल्लेख गर्ने ।

३) काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधि) ऐन,२०७५ को दफा ७० (५) मा तीन महिनासम्म मालसामान सुरक्षित राख्नुपर्ने व्यवस्था भएतापनि मुलुकी देवानी (संहिता), २०७४ को दफा ४०४ (५) ले ६ महिनासम्म आफ्नो मालसामान फिर्ता लिन पाउने व्यवस्था गरेकोले उक्त कानुनी व्यवस्था वमोजिम निर्णय कार्यान्वयन भएको मितिले ६ महिनासम्म बहालमा बस्नेले आफ्नो मालसामान फिर्ता लिन पाउने भएकोले निर्णय कार्यान्वयन भएको मितिले ६ महिनासम्म त्यस्तो मालसामान सुरक्षितसँग राख्ने दायित्व घरधनीको हुने ।

४) निर्णय कार्यान्वयन भएको मितिले ६ महिनापछि घरकोठा खाली गर्दा घरधनीको जिम्मा लगाएको मालसामान विक्री गर्न काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधि) ऐन, २०७५ को दफा ७०(६) वमोजिमको मूल्यांकन समिति सुम्वन्धित वडा कार्यालयले गठन गरी मूल्याकंन गर्ने ।

काठमाडौ प्लाजा, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४१६८७३७
E-mail: Judiciary@kathmandu.gov.np, http//www.kathmandu.gov.np

# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कमलादी, काठमाडौं, बागमती प्रदेश, नेपाल
(कानुन तथा मानव अधिकार विभाग)

प.सं.:०८१।०८२

च.नं.:

५) मूल्याङ्कन समितिले मालसामान विक्री गर्ने मूल्य निर्धारण गरेपश्चात ७ दिनको सूचना (सार्वजनिक) जारी गरी लिलाम वढावढको प्रक्रियाबाट मालसामान विक्री गर्ने । लिंलाम बढावढमा निवेदन नपरेमा पुन: ७ (सात) दिनको सूचना प्रकाशित गर्ने ।

६) लिलामबाट विक्री भएको रकमबाट घरधनीलाई तिर्नु वुझाउनुपर्ने रकम वाँकी भए लिलाम प्रक्रिया मा लागेको खर्च कटाई घरधनीलाई उपलब्ध गराउने र वढी रकम काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधि) ऐन, २०७५ को दफा ७० (७) र (८) वमोजिम महानगरपालिकाको धरौटी खातामा जम्मा गर्ने ।

८) मूल्याकंन समितिको वैठकमा वडा अध्यक्ष/सदस्यको संयोजकत्वमा वैठक वसे बापत नियमानुसार तोकिएको बैठकभत्ता उपलब्ध गराउने र सोको रकमको व्यवस्था वडा महिला सञ्जालको वजेटवाट खर्च लेखाकंन गर्ने ।

९) वडा तहवाट निर्णय कार्यान्वयन भएको विवरण ई-इजलासको सिस्टममा र मुचुल्का सहितको लिखित विवरण अद्यावधिक गरी कानुन तथा मानव अधिकार विभागमा मासिक रुपमा पठाउने । निर्णय कार्यान्वयन शाखाले आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।

१०) वडा कार्यालयबाट निर्णय कार्यान्वयन सम्वन्धी भए गरेका सम्पूर्ण कार्यको व्यवस्थापन वडा महिला सञ्जाल मार्फत गर्ने ।

**बोधार्थ :**

श्रीमान् प्रमुखज्यूको सचिवालय,
श्री न्यायिक समिति,
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
काठमाडौं महानगरपालिका ।

२०८१।४।२९

वसन्त आचार्य
कानून तथा मानव अधिकार विभाग



CamScanner